नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय
कसरा, चितवन

पत्र संख्या :
चलानी नं.

## प्रेस विज्ञप्ति :

**गैंडा मारी खाग चोरी निकासी गरेको मुद्दामा फरार प्रतिवादी पक्राउ भएको सम्बन्धमा ।**

चितवन राष्ट्रिय निकुञ्ज अमलटारी सेक्टर अर्न्तगत बाँदरभुला टापुको रातोघोल क्षेत्रमा संयुक्त गस्तीको क्रममा मिति २०७७।०५।२१ गते गैंडाको खाग काटिएको अवस्थामा माउ र बच्चा गरी २ वटा गैंडा मृत अवस्थामा भेटिएको । तत्काल सो घटनाको सम्बन्धमा संरक्षित वन्यजन्तु गैंडा शिकार गरी त्यसको खाग (आखेटोपहार) राखेको, खरीद/बिक्री तथा ओसारपसार गरेको मुद्दामा यस कार्यालयबाट नियमानुसार अनुसन्धान अधिकारी तोकी अनुसन्धान गर्दै जाँदा १३ जना प्रतिवादीहरुको विभिन्न सांगठनिक तहमा संलग्नता रहेको भनि खुल्न आएको । सम्मानित नवलपुर जिल्ला अदालतमा मिति २०७७।१०।२८ गते दायर भएको चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र गैंडा मारी खाग चोरी निकासी गरेको मुद्दामा फरार रहेका प्रतिवादीहरुलाई खोजतलासको क्रममा गोप्य सूचनाको आधारमा जिल्ला तनहुँ शक्लागण्डकी न.पा. वडा नं. २ कोत्रेबजार बस्ने कमल गुरुङलाई मिति २०७८।०९।२८ गते बिहान अन्दाजी ०१:३० बजेको समयमा जिल्ला तनहुँ आबुखैरेनी गा.पा. वडा नं. १ सत्रसयमा लुकिछुपि हिडेको अवस्थामा जिल्ला प्रहरी कार्यालय, तनहुँको सहयोगमा निकुञ्जवाट खटिएको संयुक्त टोलीले फेला पारी पक्राउ गरी सम्मानित नवलपुर जिल्ला अदालतमा मिति २०७८/०९/२८ गते ईजलासको लागि पेश गरेको । उक्त मुद्दाका प्रतिवादी कायम भएका १३ जना मध्ये हालसम्म ११ जना पक्राउ परेको र २ जना फरार रहेका छन् ।

यस कार्यमा अहोरात्र खटिने यस निकुञ्जका कर्मचारी, नेपाली सेनाको खड्गदल गण, जिल्ला प्रहरी कार्यालय तनहुँ, नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो, नेपाली सेना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, स्वच्छ र विश्वासनिय समाचार सम्प्रेशण गर्ने पत्रकार मित्रहरु, स्थानीय संरक्षणप्रेमी जनसमुदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं ।

२०७८।९।२९

सूचना अधिकारी
गणेश प्रसाद तिवारी

Scanned with CamScanner